राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक २० २०८३ साउन २३ गते शनिवार (8 Aust 2026) पृष्ठ ४ मूल्य रु. ३।-

## विद्यालयलाई शुल्क सीमा पालना गर्न जउमनपाको निर्देशन



दैनिक समाचारदाता
जनकपुरधाम, २२ साउन । जनकपुरधाम उपमहानगरपालिकाको शिक्षा समितिले संस्थागत विद्यालयमा छात्रवृत्तिमा अध्ययनरत विद्यार्थीबाट तोकिएको सीमाभन्दा बढी शुल्क नलिन निर्देशन दिएको छ।

छात्रवृत्तिमा अध्ययनरत विद्यार्थीबाट विभिन्न शीर्षकमा निर्धारित सीमाभन्दा बढी शुल्क असुल भइरहेको गुनासो आएपछि शिक्षा समितिले विशेष बैठकबाट शुल्कको अधिकतम सीमा निर्धारण गरेको हो।

समितिको निर्णयअनुसार कक्षा १ देखि ५ सम्मका छात्रवृत्ति प्राप्त विद्यार्थीबाट अधिकतम ७ हजार रुपैयाँ, कक्षा ६ देखि ८ सम्म ९ हजार रुपैयाँ र कक्षा ९ देखि १० सम्म १० हजार रुपैयाँसम्म मात्र शुल्क लिन पाइनेछ। यसभन्दा बढी शुल्क असुल गर्न नपाइने समितिले स्पष्ट गरेको छ।

यसअघि तोकिएको सीमाभन्दा बढी शुल्क लिइसकेका विद्यालयले अतिरिक्त रकम सम्बन्धित विद्यार्थीलाई अनिवार्य रूपमा फिर्ता गर्नुपर्ने निर्णय पनि समितिले गरेको छ।

शिक्षा समितिले निर्णय कार्यान्वयन नगर्ने संस्थागत विद्यालयविरुद्ध प्रचलित कानुनबमोजिम आवश्यक कारबाही गरिने चेतावनी दिएको छ। साथै, छात्रवृत्तिका नाममा विद्यार्थी तथा अभिभावकमाथि अतिरिक्त आर्थिक भार नथोपर्न विद्यालयहरूलाई आग्रह गरेको छ। शिक्षा समितिका सदस्य तथा एनप्याब्सन जनकपुरधामका अध्यक्ष दीपक ठाकुरले छात्रवृत्ति प्राप्त विद्यार्थीको अधिकार सुनिश्चित गर्न सबै संस्थागत विद्यालयले उपमहानगरपालिकाको निर्णय अनिवार्य रूपमा पालना गर्नुपर्ने बताए।

उनले छात्रवृत्ति कार्यक्रमको उद्देश्य आर्थिक रूपमा कमजोर तथा जेहेन्दार विद्यार्थीलाई शिक्षाको पहुँचमा ल्याउनु भएकाले त्यसका नाममा अतिरिक्त शुल्क असुल गर्नु कार्यक्रमको मर्मविपरीत हुने उल्लेख गरे।

उपमहानगरपालिकाले छात्रवृत्ति वितरण तथा शुल्क असुली प्रक्रियामा पारदर्शिता कायम गर्न र विद्यार्थीको अधिकार सुनिश्चित गर्न सबै विद्यालयलाई निर्देशन दिएको छ। तोकिएको सीमाभन्दा बढी शुल्क असुल गरेको पाइए सम्बन्धित विद्यालयलाई कानुनबमोजिम कारबाही गरिने पनि समितिले जनाएको छ।

## भदौदेखि शिक्षक आन्दोलन

दैनिक समाचारदाता
काठमाडौं, २२ साउन । नेपाल शिक्षक महासंघले भदौदेखि चरणबद्ध आन्दोलन गर्ने निर्णय गरेको छ।

महासंघको तेस्रो राष्ट्रिय परिषद् बैठकले भदौदेखि आन्दोलन सुरु गर्ने निर्णय गरेको जानकारी शुक्रबार आयोजित पत्रकार सम्मेलनमार्फत दिइएको हो।

परिषद् बैठकले आन्दोलनसहित १५ बुँदे निर्णय सार्वजनिक गरेको छ। आन्दोलनको मिति, स्वरूप र कार्यक्रम तय गर्ने अधिकार परिषद्ले विस्तारित कार्यदल बैठकलाई प्रत्यायोजन गरेको महासंघले जनाएको छ।

महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीका अनुसार विगतदेखि उठाउँदै आएका मागका साथै समसामयिक शैक्षिक तथा पेसागत मुद्दाहरू समेटेर भदौदेखि आन्दोलन सञ्चालन गर्ने निर्णय गरिएको हो।

## प्रधानमन्त्रीको चौमासिक प्रतिवेदन सार्वजनिक




दैनिक समाचारदाता
काठमाडौं २२ साउन । प्रधानमन्त्री बालेन शाहले आफ्नो नेतृत्वमा सरकारले गरेका कामको चौमासिक प्रगति प्रतिवेदन सार्वजनिक गरेका छन्।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम प्रतिवेदन सार्वजनिक गरिएको हो। यद्यपि, चौमासिक प्रतिवेदन भनिए पनि यसमा वैशाख, जेठ र असार महिनामा भएका गतिविधिमात्र समेटिएका छन्।

प्रतिवेदनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको स्वरूप, प्रकृति, कार्य, कर्तव्य, अधिकार तथा कर्मचारी विवरणका साथै उक्त अवधिमा सम्पादन गरिएका मुख्य कार्यहरूको जानकारी समावेश गरिएको छ।

प्रतिवेदनअनुसार वैशाख १ गतेदेखि असार मसान्तसम्म मन्त्रिपरिषद्को २१ वटा बैठक बसेका छन्, जसबाट ३८४ वटा निर्णय भएका छन्। यसै अवधिमा मन्त्रिपरिषद्का विभिन्न समितिका आठ वटा बैठक सम्पन्न भई १२ वटा निर्णय गरिएको उल्लेख छ।

त्यसैगरी, नेपाल सरकार ( कार्यविभाजन) नियमावली, २०८३ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको तथा 'शून्य बाँकी फाइल अभियान' प्रभावकारी बनाउन सबै मन्त्रालय, निकाय, आयोग र स्थानीय तहलाई मार्गदर्शनसहित एकीकृत प्रगति प्रतिवेदन पठाउन पत्राचार गरिएको जनाइएको छ।

प्रधानमन्त्री बालेन शाह १३ चैत २०८२ मा प्रधानमन्त्री नियुक्त भएका थिए।

## मोबाइल सेवामा आठबुँदे निर्देशन

दैनिक समाचारदाता
काठमाडौं, २२ साउन । नेपाल दूरसञ्चार प्राधिकरणले मोबाइल सेवाको गुणस्तर सुधार, उपभोक्ता हित संरक्षण तथा आधुनिक प्रविधिको प्रभावकारी उपयोगका लागि दूरसञ्चार सेवा प्रदायकलाई आठबुँदे निर्देशन जारी गरेको छ।

दूरसञ्चार ऐन, २०५३ को दफा १५ बमोजिम साउन २१ गतेको निर्णयअनुसार जारी गरिएको निर्देशनमा सेवा प्रदायकलाई सेवाको गुणस्तर, नेटवर्कको विश्वसनीयता र ग्राहक सेवा अनुभवमा सुधार गरी तोकिएका मापदण्ड पूरा भए(नभएको सम्बन्धी प्रतिवेदन नियमित रूपमा पेस गर्न भनिएको छ।

प्राधिकरणले ग्राहकका गुनासोको २४सै घण्टा सुनुवाइ गर्न कृत्रिम बुद्धिमत्ता (एआई) लगायत नवीनतम प्रविधिको प्रयोग गर्न निर्देशन दिएको छ। साथै, गुणस्तरीय सेवा नपुगेका क्षेत्रमा प्राथमिकताका आधारमा नेटवर्क विस्तार गर्न र दूरसञ्चार सेवा पुगेका स्थानहरूको विवरण त्रैमासिक रूपमा नेपालको नक्सामा अद्यावधिक गर्नुपर्ने व्यवस्था गरिएको छ।

त्यसैगरी, देशभर फोरजी सेवाको गुणस्तर अभिवृद्धि गर्दै प्रमुख सहरहरूबाट चरणबद्ध रूपमा फाइभजी सेवा विस्तार गर्ने योजना पेस गर्न पनि सेवा प्रदायकलाई निर्देशन दिइएको छ।

प्राधिकरणले फ्रिक्वेन्सी तथा दूरसञ्चार पूर्वाधारको अधिकतम उपयोग गरी दोहोरो लगानी न्यूनीकरण गर्न, साइबर सुरक्षाका लागि नियमित 'सिक्युरिटी अडिट' गर्न तथा विपद् व्यवस्थापन योजना तयार गर्न पनि निर्देशन दिएको छ।

यस्तै, बजारमुखी र पारदर्शी शुल्क प्रणाली लागू गर्न लागतमा आधारित विश्लेषण गरी नयाँ सेवा शुल्क प्रस्ताव पेस गर्नुपर्ने व्यवस्था गरिएको प्राधिकरणका प्रवक्ता मीनप्रसाद अर्यालद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

## एक हजार ८४८ प्रहरी कर्मचारी माथि कारबाही




दैनिक समाचारदाता
काठमाडौं २२ साउन । एक वर्षमा एक हजार ८४८ प्रहरी कर्मचारी कारबाहीमा परेका छन् ।


प्रहरी प्रधान कार्यालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०८२/८३ मा एक हजार

बाँकी पृष्ठ ४मा

अब अनलाइनबाट बुकिङ्गको सुविधा
divyaclinicjanakpur.com




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# आरोपको राजनीति होइन, जवाफदेहिताको परीक्षा

मधेश प्रदेशको विकास र समृद्धिसँग प्रत्यक्ष जोडिएको पूर्व-पश्चिम हुलाकी राजमार्ग १६ वर्षपछि ९० प्रतिशत भौतिक प्रगतिमा पुगेको समाचारले आशा र निराशा दुवै सन्देश दिन्छ। एकातिर आयोजना अन्तिम चरणमा पुगेको सकारात्मक पक्ष छ भने अर्कोतिर राष्ट्रिय गौरवको महत्व बोकेको परियोजना डेढ दशक बितिसक्दा पनि पूरा हुन नसक्नु विकास प्रशासनको कमजोरीको संकेत हो। अब बाँकी काम समयमै सम्पन्न गर्नु सरकारको प्राथमिक जिम्मेवारी बन्नुपर्छ।

धनुषा, महोत्तरी, सिरहा र सर्लाहीलाई जोड्ने ४०६ किलोमिटरभन्दा लामो यो सडक मधेशको आर्थिक मेरुदण्ड बन्ने क्षमता राख्छ। दैनिक सात हजारभन्दा बढी सवारीसाधन सञ्चालन हुने र करिब ३२ लाख नागरिक प्रत्यक्ष लाभान्वित हुने यो मार्गले कृषि उत्पादनको बजारीकरण, सीमावर्ती व्यापार, उद्योग, पर्यटन तथा स्थानीय अर्थतन्त्रलाई नयाँ गति दिने निश्चित छ। त्यसैले यो सडक केवल यातायातको पूर्वाधार होइन, मधेशको समग्र आर्थिक रूपान्तरणको आधार हो।

यद्यपि, आयोजनामा भएको ढिलाइलाई सामान्य रूपमा लिन सकिँदैन। स्थानीय अवरोध, जग्गा व्यवस्थापन, अदालतमा विचाराधीन मुद्दा तथा अतिक्रमण हटाउने प्रक्रियाले निर्माण प्रभावित भएको बताइए पनि यस्ता समस्या समयमै समाधान गर्नु राज्यको दायित्व हो। विकास आयोजना अघि बढाउँदा प्रभावित नागरिकको उचित क्षतिपूर्ति र सम्मानजनक व्यवस्थापन अनिवार्य हुन्छ। अझै क्षतिपूर्ति वितरण बाँकी रहनु र केही पुलको ठेक्का प्रक्रिया नै पूरा नभएको अवस्था चिन्ताको विषय हो।

विशेषगरी कमला पुलजस्तो महत्वपूर्ण संरचना पूर्ण सञ्चालनमा नआएसम्म हुलाकी राजमार्गको अपेक्षित लाभ प्राप्त हुन सक्दैन। सरकारले आर्थिक वर्ष २०८३/८४ भित्र आयोजना सम्पन्न गर्ने लक्ष्य लिएको छ। यो लक्ष्य केवल औपचारिक घोषणा नबनोस् भन्नेमा सम्बन्धित निकाय गम्भीर हुनुपर्छ। निर्माणको गति बढाउनु, बाँकी कानुनी र प्रशासनिक अवरोध हटाउनु तथा प्रभावकारी अनुगमन गर्नु अहिलेको आवश्यकता हो।

नेपालमा ठूला विकास आयोजना पटक-पटक म्याद थपिने, लागत बढ्ने र नागरिकले वर्षौंसम्म प्रतिफल नपाउने प्रवृत्ति दोहोरिँदै आएको छ। हुलाकी राजमार्गले त्यो नकारात्मक परम्परा तोड्नुपर्छ। ९० प्रतिशत प्रगति आफैंमा उपलब्धि भए पनि नागरिकले प्रतिशत होइन, सहज आवागमन र विकासको प्रत्यक्ष अनुभूति खोजेका छन्। त्यसैले अब थप बहाना होइन, बाँकी काम समयमै सम्पन्न गरी हुलाकी राजमार्गलाई मधेशको विकास, समृद्धि र आर्थिक रूपान्तरणको वास्तविक आधारका रूपमा स्थापित गर्नु नै सरकारको सबैभन्दा ठूलो सफलता हुनेछ।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

# वाम एकता : नीति केन्द्रित कि नेता ?



प्रकाश ज्वाला

यतिबेला वाम एकता र सहकार्यको सन्दर्भ फेरि एकपटक बहसमा आएको छ। नेपाल कम्युनिस्ट पार्टी र नेकपा (एमाले) बीच प्रदेश सरकारहरू गठनका सवालमा भएको सहमतिपछि नेपाली राजनीतिमा वाम एकताको 'डिस्कोर्स' सुरु भएको हो।

नेकपा-एमाले सहकार्यलाई कम्युनिस्ट आन्दोलनको जुनकिरी बत्तीजस्तै ठानिएको छ। यतिले मात्र पनि वाम कार्यकर्ता, समर्थक, शुभचिन्तक र जनतामा नयाँ उत्साहको रक्तसञ्चार भएको छ। र, धेरैमा यो जुनकिरीको बत्ती सूर्यको झल्झलाउँदो उज्यालोमा परिणत हुने विश्वास जागृत भएको छ।

नेपाल कम्युनिस्ट पार्टीको २०८३ वैशाखमा बसेको केन्द्रीय कार्य संयोजन समितिको बैठकले 'राष्ट्रियता र नेपाली जनताको बलिदानीपूर्ण संघर्षबाट प्राप्त उपलब्धिहरूको रक्षा गर्दै न्याय, सुशासन र समृद्धिमार्फत समाजवादउन्मुख नेपालको निर्माणका लागि वाम एकतामार्फत कम्युनिस्ट आन्दोलनको पुनर्गठन गर्ने' विशेष प्रस्ताव पारित गरेको थियो। उक्त प्रस्ताव वर्तमान सहमतिको आधारशीला बन्न पुगेको छ।

कुनैबेला 'स्वर्ग-नर्क सँगै जाने' बाचाकसम भत्किएपछि एकआपसमा 'धोकेबाज'को प्रत्यारोपमा ओर्लिएका नेताहरूले फेरि नयाँ यात्राको हात मिलाएका छन्। यस सहकार्यलाई धेरैले सकारात्मक रूपमा लिएका छन् भने कतिपयले दुई नेताको स्वार्थको गठबन्धन अर्थ्याएका छन्। जसले जे अर्थ लगाए पनि लामो समयदेखि निसास्सिएको कम्युनिस्ट आन्दोलनका लागि 'आइसब्रेक' भएको छ र यसले निराशालाई चिरेर आशाको किरण सञ्चारित गरेको छ।

इतिहास साक्षी छ, कम्युनिस्ट आन्दोलन एकताबद्ध हुँदा राष्ट्रियता र लोकतान्त्रिक आन्दोलन सफल भएका छन्। आन्दोलन कमजोर हुँदा राष्ट्रियता, लोकतन्त्र र जनजीविकाका आन्दोलनहरूले सफलता चुम्न सकेका छैनन्।

दोस्रो संविधानसभाको समयमा संविधान जारी गर्न नदिने र देशलाई अराजकताको भुमरीमा फसाउने देशी-विदेशी शक्तिहरूको षड्यन्त्र थियो। त्यसबेला जनता हामीसँग थिए, संसद्मा वामपन्थीहरूको वर्चस्व थियो, प्रमुख राजनीतिक दलहरूमा एकता थियो।

त्यसैले बाह्य शक्तिको हस्तक्षेप असफल भयो, नेपाल कसैको प्रयोगशाला वा खेलमैदान हुनबाट बच्यो र चुनौतीबीच संविधान जारी भयो। आन्दोलन विभाजित र टुटफुट हुँदा स्वयं कम्युनिस्ट आन्दोलनले ज्यादै तीता असफलताहरू बेहोरेको छ। एकताबद्ध भएको कालखण्डमा कम्युनिस्टहरूले धेरै ठूला सफलता प्राप्त गरे। यो धरातलीय यथार्थलाई ध्यानमा राखेर एकताको उदघोष गर्नु समयको माग हो।

नेपाल वामपन्थीहरूको लागि मलिलो भूमि हो। हिजो कम्युनिस्ट नेता-कार्यकर्ताहरूले अनेकौं कठिनाइका बाबजुद जनताको बीचमा संगठन गरे। जनताको घरमा 'सेल्टर' लिएर बसे, जनतासँग सम्बन्ध बनाए, मितेरी गाँसे, जनतालाई माया गरे। आफ्नो स्वास्थ्य, घरपरिवारको बेवास्ता गरेर जनसेवामा समर्पित भए।

पार्टीले जनताका समस्या र मुद्दाहरूमा आवाज उठायो, आन्दोलन गर्‍यो, जनअधिकारको लागि लड्ने क्रममा कति नेता-कार्यकर्ताहरूले जीवन उत्सर्ग गरे, कति घाइते अपांग भए। तब नै जनताले कम्युनिस्ट पार्टी र नेता-कार्यकर्तालाई माया गरे; गाँस, बास र साथ दिए। माछा-पानीजस्तो कम्युनिस्ट र जनताबीचको सम्बन्धलाई यही विश्वासको डोरीले कसिलो गरी बाँधेको थियो।

हिजो संसारभरि कम्युनिस्ट आन्दोलनले धक्का खाएको बेला पनि नेपालमा कम्युनिस्ट पार्टीको झन्डा झुकेन। जननेता मदन भण्डारीले 'कार्ल मार्क्स नेपालमा जीवित छन्' भनेर शंखघोष गरे। कम्युनिस्ट पार्टीलाई 'खोपीको देउता'जस्तो जनताबाट अलगथलग राख्ने होइन, जनताको बीचमा प्रतिस्पर्धा र पहलकदमीबाट श्रेष्ठता हासिल गर्ने नीतिअनुसार अघि बढ्दा कम्युनिस्ट पार्टी संसदीय निर्वाचनमा समेत जनअनुमोदित भयो।

सोभियत संघलगायत कम्युनिस्ट सत्ताहरू ढलिरहेको बेलामा नेपालमा कम्युनिस्टहरू विजय र सफलताको शिखर चढ्दै थिए। मदनको नेतृत्वमा एमालेको पाँचौं महाधिवेशनमा 'जडसूत्रवाद र विसर्जनवादको विरोध गरौं, मार्क्सवादको सिर्जनात्मक प्रयोग र विकास गरौं' भन्ने मूल नारा अघि सारियो।

उहाँकै अगुवाइमा नेपालको विशिष्टतामा सिर्जनात्मक रूपमा मार्क्सवादको कार्यान्वयन गर्दै कम्युनिस्ट आन्दोलनको लोकतान्त्रीकरण गर्ने राजनीतिक कार्यदिशा अघि सारेपछि नेपालमा कम्युनिस्ट आन्दोलनले नयाँ जीवन प्राप्त गर्‍यो, लोकप्रियताको 'ग्राफ' पनि बढ्यो।

विश्व कम्युनिस्ट आन्दोलनमा शीतलहर चलिरहँदा सगरमाथाको चुचुरोमा हँसिया-हथौडा झन्डा फहराउन सफल नेपाली कम्युनिस्टहरू पछिल्लो समय आफ्नो विरासत जोगाउन नसकेर किन यति रक्षात्मक अवस्थामा पुगे ? कम्युनिस्ट पार्टीहरू 'सुकेनास' लागेको अवस्थामा कसरी पुगे ? हिजो साठी प्रतिशत जनमत प्राप्त गरेको वाम शक्ति आज राष्ट्रिय राजनीतिको मूल प्रवाहबाट बाहिरिएको छ।

संविधान जारी भएपछि २०७४ को निर्वाचनमा २७५ सिटमध्ये एमाले-माओवादी सहकार्यबाट १७७ सिट (६४.३६ प्रतिशत) अर्थात् करिब दुई तिहाइ प्राप्त भयो। नेपालको राजनीतिक इतिहासमा कम्युनिस्टहरूको यो ऐतिहासिक विजय थियो। चुनावपछि पार्टी एकता भई नेकपा इतिहासकै ठूलो कम्युनिस्ट पार्टी र देशकै सबैभन्दा ठूलो राजनीतिक दल बन्यो। त्यतिबेला सरकारले राम्रो काम गर्न नसकेको र आफ्नै पार्टीको दुई तिहाइ बहुमत भएको संसद् विघटन गर्ने धुन्धुकारी कर्मको कारण प्राप्त जनमत कायम रहन सकेन भने आन्तरिक कलहले पार्टी नै विभाजन हुन पुगेको तीतो इतिहास छ।

२०४८ देखि 'राइजिङ' अवस्थामा रहेका, २०७४ मा दुई तिहाइ बहुमतसहित सरकारमा पुगेका कम्युनिस्टहरू आज १५ प्रतिशत जनमतसहित ४२ सिटमा खुम्चिनु परेको छ। यो परिणाम अवश्य पनि निकै पीडादायक छ।

पछिल्लो प्रतिनिधिसभाको निर्वाचनमा मात्र पनि सहकार्य गरेको भए, रास्वपाको सुनामीका बाबजुद संसद्मा दोब्बरभन्दा बढी सिट जित्न सकिन्थ्यो। यसबाट रास्वपा दुई तिहाइको चुलीबाट धेरै तल झर्थ्यो भने संसद्मा कम्युनिस्ट पार्टीको उपस्थिति सशक्त हुन्थ्यो।

हिजो कम्युनिस्टहरू सत्तामा गएर देशको लागि केही गरेनन् भन्ने भाष्य गलत छ। मनमोहन अधिकारी नेतृत्वको नौ महिने अल्पमतको सरकारले गरेका समाजवादी मोडेलका जनमुखी कामहरू अविस्मरणीय छन्।

'आफ्नो गाउँ आफैं बनाऔं', सामाजिक सुरक्षालगायत कार्यक्रमहरू जनताको दिल-दिमागमा आज पनि ताजै छन्। माधव नेपालको पालामा भौतिक पूर्वाधारमा देशले छलाङ मारेको छ, प्रचण्ड नेतृत्वको सरकारले जनतालाई सुशासन र राहत दिने उदाहरणीय काम गरेको थियो।

वामपन्थी सरकारमा जाँदा पूर्वाधार, सुशासन, शिक्षा, स्वास्थ्य, सामाजिक न्यायमा नमुना काम भएका छन्। तर विडम्बना त्यसमा वर्ग जोडिएन। समाजमा वर्गहरू छन् र वर्गसङ्घर्ष पनि छ भन्ने कुरामा हेक्का रहेन। विदेश गएका श्रमिकहरूले आफूलाई श्रमजीवी ठानेनन् र उनीहरूलाई कम्युनिस्ट पार्टी हाम्रो पार्टी हो भन्ने अनुभूति नै गराउन सकिएन।

उनीहरू बुर्जुवा पपुलिस्टहरूको पछाडि लागे र वाम राजनीतिलाई क्षति पुग्यो। श्रमिक जनताको पार्टीबाट आधारभूत वर्ग किन टाढियो, वर्ग पक्षधरता किन कमजोर भयो भन्ने प्रश्नको हल खोज्दै पार्टीलाई वर्गसँग जोड्नु र आन्दोलनमा जीवन्तता ल्याउनु आवश्यक छ।

सत्तामा गएर जति जनपक्षीय र राम्रा काम गर्न सकिन्थ्यो त्यति भएनन्। भूमिहीन सुकुम्वासी, कमैया-कमलरी, हलियालगायत श्रमिक वर्ग, मिटरब्याजीलगायत पीडितका समस्या पूर्ण रूपमा समाधान गर्नमा चुक भयो।

भ्रष्टाचार नियन्त्रण र सुशासनमा सोचेजस्तो परिणाम निकाल्न सकिएन। कम्युनिस्टले सत्ताको फोहोरी आहालमा पौडी खेले, पवित्र-अपवित्र सत्ता गठबन्धनमा रमाए, सरकार बनाउने-गिराउने धन्दामा लागे, पद र सुविधामा भुले आदि आरोप खेप्नु पर्‍यो।

नेताहरूले जनताको दिलको कुरा बुझ्न सकेनन्। आफू उठेको भुइँ छोडे। जनताको मनको सत्ताभन्दा सिंहदरबारको सत्ता नै सबथोक जस्तो ठाने। सरकारमा हुँदा भए-गरेका राम्रा कामहरूको पनि मार्केटिङ र प्रचार भएन।

जनताका लागि भविष्यका सपना देखाउन, सपना कोर्न र आफ्ना एजेन्डामा आकर्षित गर्न पनि सकिएन। खासमा जनताका एजेन्डाहरू सटिक ढंगले सम्बोधन गर्न, पार्टीको नीतिअनुसार प्रगतिशील सुधार एवं समाजवादका आधार निर्माणका काम गर्न सकिएन। पुनः जनताको मन जित्नको लागि यस्ता विषयहरूको गहिरो चिरफार गरेर यथार्थपरक निचोडसहित अघि बढ्नु जरुरी हुन्छ।

यतिबेला बालेन्द्र शाह नेतृत्वको सरकारले अवलम्बन गरेको दिशा अधिनायकवादी र स्वेच्छाचारी शासनतर्फ उन्मुख छ। सुशासनका जतिसुकै गीत गाए पनि आज देशमा कुशासन, भ्रष्टाचार, महँगी, अराजकता तथा मल, ग्यास आदिको अभावमा जनताले सास्ती भोग्नु परिरहेको छ।

अर्कोतिर सरकारबाट प्रतिगमनको 'एक्सप्रेस गाडी' दौडाउने काम भइरहेको छ। भदौ २४ को घटना वा त्यसअघि राजावादी दरबारियाहरूको तिनकुने वितण्डाको कुरा गरौं, यी सबै प्रतिगमनका शृंखलाहरू नै हुन्।

यतिबेला तराई-मधेशमा साम्प्रदायिक भावना भड्काएर आगो झोस्ने प्रयास गरिएको छ। टिओबी, सम्राट सेना वा जातीयताको 'अफिम' खुवाएर संघीय लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता र जातीय-धार्मिक सद्भावविरुद्ध जनमत भड्काउने अनेकौं प्रयासहरू भइरहेका छन्।

एकातिर सत्ता फासिस्ट बन्दैछ भने सडक अराजक बन्दैछ। यी सबै प्रतिगमन र पश्चगमनका दुष्चक्रहरू नै हुन्। आज लोकप्रियतावादी र अराजकतावादीहरूका कारण राष्ट्र, राष्ट्रिय स्वाधीनता, लोकतन्त्र र कम्युनिस्ट आन्दोलन संकट र दुर्घटनाको डिलमा छ।

राष्ट्रिय एकता, जातीय र धार्मिक सद्भावविरोधी हर्कतहरूलाई पराजित गर्न र राष्ट्रिय एकता बलियो बनाउन वामपन्थीहरू तथा वाम-लोकतान्त्रिक शक्तिबीच सहकार्य अनिवार्य छ।

### *बलियो वाम एकता*

कोही पनि भ्रममा पर्नु हुँदैन कि तीनबुँदे सहमति पार्टी एकता होइन, कार्यगत एकतासम्बन्धी समझदारी हो। यो दुई ठूला कम्युनिस्ट पार्टीबीचको सहकार्यको प्रस्थानबिन्दु हो। भोलि प्रदेश र स्थानीय निर्वाचनमा चुनावी तालमेल हुन सक्छ। यो सहकार्य परिपक्व र विश्वासिलो बन्दै जाँदा पार्टी एकतासम्म पुग्न सकिएला।

हिजोका तीता अनुभवहरूबाट पाठ सिक्ने र दीर्घकालीन रूपमा सँगसँगै जाने संकल्प गर्ने हो भने समझदारी इमानदारीपूर्वक कार्यान्वयन गर्नुपर्दछ। तब नै समझदारी पार्टी एकताको जग बन्न सक्छ।

कम्युनिस्ट पार्टीहरूले आगामी यात्रा तय गरिरहँदा विगततिर

*बाँकी पृष्ठ ३मा*

# वाम एकता.........

फर्केर हिजो हामी कहाँ चुक्यौँ, को-कोबाट गल्ती कमजोरी भए ? हिजोको एकता कसरी भत्कियो ? यी प्रश्नहरूको निरूपण गर्दै एकताको हात बढाउनुपर्दछ ।

वाम नेताहरूमा मिल्दा अँगालो हाल्ने, नमिल्दा एकले अर्कालाई शत्रु करार गरेर घृणाको राजनीति गर्ने हिजोदेखिको खराब प्रवृत्ति छ । आज नेताका टाउका र स्वार्थ जोडेर वाम एकता हुँदैन, कार्यकर्ताका मन र भावना जोड्नु जरुरी छ ।

पुष्पलालले भनेझैँ 'कम्युनिस्ट पार्टी नेताप्रधान होइन, नीतिप्रधान हुन्छ ।' त्यसैले अब नेताकेन्द्रित होइन, नीतिकेन्द्रित एकता आवश्यक छ । हतारमा निर्णय गर्ने फुर्सदमा पछुताउने नियति दोहोरिनु हुँदैन । हिजोका दम्भ, घमन्ड र इगोहरू बागमतीमा बगाएर, स्वच्छ मनले गरेको एकता मात्र पवित्र र दिगो हुन्छ ।

विगतको निर्मम समीक्षा र गल्ती कमजोरीहरू सच्याउने संकल्पसहित कच्चा धरातलमा होइन, व्यापक राजनीतिक-वैचारिक छलफलपश्चात् नभत्किने गरी नयाँ सिराबाट नीतिनिष्ठ एकता गर्नुपर्दछ ।

*भविष्यको 'रोडम्याप'*

जनताका मन छुने एजेन्डाहरू ठोसरूपमा निर्धारण गरेर तिनको स्वामित्व लिनुपर्दछ । भ्रष्टाचारको अन्त्य, सुशासनको स्थापना, बेरोजगारीको अन्त्य र देशभित्रै रोजगारीको अवसर, जनतालाई सहज सेवाप्रवाह ( डेलिभरी), सामाजिक विकृतिविरुद्ध सामाजिक न्याय, आर्थिक समृद्धि, रूपान्तरण तथा समाजवादका एजेन्डा सटिक ढंगले पहिचान गरेर मुलुकका समस्या समाधानको ठोस मार्गचित्र (रोडम्याप) अगाडि सार्नुपर्दछ ।

भूमिहीन सुकुम्वासी, मिटरब्याज पीडितलगायत श्रमिक जनताका मुद्दाहरू खरो ढंगले उठाउनुपर्दछ । शासकीय स्वरूप, निर्वाचन प्रणाली, सङ्घीयताको सबलीकरणलगायत संविधान संशोधनका एजेन्डाहरूमा पनि ठोस प्रस्ताव तयार गरेर त्यसको पक्षमा जनमत सिर्जना गर्नुपर्दछ ।

जनतालाई आकर्षण गर्न र कार्यकर्तालाई आत्मनिर्भर बनाउन श्रम संस्कृति र उत्पादन अभियानलाई महत्त्वका साथ कार्यान्वयन गर्नुपर्दछ । नेकपा विभाजनपछि जनतासँगको टुटेको सम्बन्धलाई जोड्नु जरुरी छ । जनताले बुझ्ने नीति कार्यक्रम अघि सार्नुपर्दछ । नयाँ-नयाँ सूचना प्रविधि र एआईको भाषामा नवयुवा र युवालाई अपिल गर्न सक्नुपर्दछ ।

जनताले विश्वास गरेको, बलियो जनाधार भएको, क्रान्तिकारी पार्टीले मात्र समाजवादी क्रान्तिका कार्यभार पूरा गर्न सक्छ । हो, यही उद्देश्य पूरा गर्ने गरी पार्टी पुनर्गठनको खाका तयार हुनुपर्‍यो । अब साँच्चिकै कम्युनिस्ट पार्टीको शुद्धीकरण गरेर फोहोर-मैला सफा गर्नुपर्ने छ र पार्टीमा 'सर्भिसिङ'को आवश्यकता छ ।

पार्टीका विचार, नीति र सिद्धान्तमा खिया लागेको छ भने 'सान' लगाएर त्यसलाई स्पातिलो बनाउनुपर्दछ । पार्टीमा नीति, विधि, संगठन, नेतृत्व, सोच, कार्यशैलीमा समग्र पुनर्गठन गर्नुपर्छ ।

समग्र पुनर्गठनको अर्थ शुद्धीकरण, सुदृढीकरण, नवीकरण, रूपान्तरण र पुनर्जागरण हो। तब नै कम्युनिस्ट पार्टीले नवजीवन पाउनेछ । जब वाम राजनीतिमा नवयुवाको सहभागिता हुँदैन, क्रान्तिको 'फ्रन्टलाइन'मा उभिने युवा हामीसँग आकर्षित हुँदैनन्, हाम्रो अपिल र कार्यशैलीले आकर्षण दिन सक्दैन ।

हिजो आमसभाका भरमा संगठन गरेजस्तो होइन, सूचना प्रविधि र ज्ञानका क्षेत्रमा भएको विकासले छिटो प्रभावित हुने युवालाई आकर्षित गर्ने योजना ल्याउनुपर्दछ । आजको कार्यशैलीबाट संगठन बन्दैन, योजना र एजेन्डाले मात्र आजको पार्टी बनाउन सकिन्छ । इतिहासको गौरवगाथा गाएर मात्र होइन, समय र युगको आवाजअनुसारको भविष्यको योजना बनाउनुपर्छ ।

कम्युनिस्ट पार्टीहरू केही वर्षदेखि नयाँ पुस्ता र आजको समाजसँगको बहस र अन्तर्क्रियाबाट टाढा रहे । पार्टी निर्माणमा युवालाई महत्त्व दिन सकेनन्, कार्यकर्ता-नेता उत्पादन गर्ने 'नर्सरी' नै बिर्सिए । पार्टीले युवा पुस्ताका मुद्दा, चाहना र आकांक्षा सम्बोधन गर्ने, उनीहरूलाई सम्मान, नेतृत्व र भूमिका दिने, उनीहरूको ज्ञान, सीप, योग्यता र अध्ययनलाई पार्टी निर्माणमा लगाउनुपर्दछ ।पुरातन र सनातनी तरिकाले होइन, 'पुरानो माइन्ड सेट' चेन्ज गरेर नयाँ तरिकाले संगठन निर्माण गर्नु जरुरी छ । अब युवा पुस्तालाई आकर्षित गरेर पार्टी संगठनमा जोड्ने, पार्टीमा युवा र नवयुवाहरू व्यापक रूपमा भर्ना गर्ने र युवामैत्री पार्टी बनाउने कुरामा ध्यान केन्द्रित गर्नुपर्दछ ।

नेपालको कम्युनिस्ट आन्दोलनका अगाडि अब 'सकिने कि सच्चिने' दुई ज्वलन्त विकल्प खडा छन् । चुनौतीसँग अवसर, अनि असफलताको गर्भमा सफलताको बिउ पनि सँगै हुन्छ । त्यसैले साँच्चिकै सच्चिने र आत्मविश्वासका साथ अघि बढ्ने हो भने यो आन्दोलनलाई फेरि उठाउन सकिन्छ ।

आजसम्म भएगरेका गल्ती-कमीकमजोरीप्रति आत्मालोचित हुने, जनताको बीचमा माफी माग्ने, अब गल्ती नगर्ने र आफ्ना कार्यशैली परिवर्तन गर्ने प्रतिबद्धता व्यक्त गर्दै नयाँ एजेन्डासहित जनता र कार्यकर्ताका बीचमा जाने नयाँ संकल्प गरौं ।

इमानदारीपूर्वक पार्टी पुनर्गठन गर्दै नीतिनिष्ठ एकता गरौं, एकतालाई हार्दिक रूपमा सफल बनाऔं। तब नै तीनबुँदे सहमति पार्टी एकताको 'कोसेढुंगा' हुनेछ ।

हामी यसरी साँच्चिकै दिलैदेखि सच्चिने, काममा समर्पित हुने र एकताबद्ध भएर अघि बढ्ने हो भने पुनः उठ्नेछौं, जाग्नेछौं, आन्दोलनले पुनर्जागरण र पुनर्जीवन पाउनेछ ।

*(ज्वाला नेकपाका प्रवक्ता हुन् ।)*

# एक महिला दुई व्यक्तिबाट एकैपटक गर्भवती भएको दुर्लभ घटना




सन् २०१८ मा एक महिला आफ्ना दुईवर्षे जुम्ल्याहा छोराका बुवा को हुन् भनेर निधो गर्न न्याश्नल यूनिभर्सिटी अफ कोलम्बियास्थित ल्याब्रटोरी अफ पप्युलेशन जनेटिक्स पुगिन्।

उक्त प्रयोगशालाले नियमित 'प्याटर्निटी टेस्ट' गर्‍यो र उक्त परीक्षण दोहोर्‍यायो। परिणाम निकै अचम्मलाग्दो भएकाले त्यहाँका विज्ञहरू पूर्णतः निश्चित हुन चाहन्थे। ती बच्चालाई एउटै आमाले जन्म दिएकी भए पनि उनीहरूका बुवा भने भिन्न थिए।

यो निकै दुर्लभ घटना हो। यसलाई 'हेटरोप्याटर्नल सूपर्फिकन्डेशन' भनिन्छ। विश्वभरिको वैज्ञानिक अभिलेखमा अहिलेसम्म यस्ता २० वटा घटना मात्र परेको देखिन्छ।

कोलम्बियाको उक्त विश्वविद्यालयका विज्ञहरूलाई यस्तो घटना सम्भव छ भन्ने सैद्धान्तिक ज्ञान थियो तर उनीहरूले आफैँले प्रत्यक्ष भने देखेका थिएनन्।

आफ्नै प्रयोगशालामा त्यस्तो घटना पुष्टि गर्ने प्रमाण आइपुगेपछि वैज्ञानिकहरूमा त्यसबारे चासो जाग्यो।



*कसरी पत्ता लाग्यो*

पितृत्व परीक्षणका लागि उक्त प्रयोगशालाका वैज्ञानिकहरू 'माइक्रोस्याटलाइट मार्कर' भनिने प्रविधि प्रयोग गर्छन्।

सामान्य भाषामा भन्नु पर्दा उक्त प्रविधिमा बच्चा, आमा र बुवा भन्ठानिएको व्यक्तिबाट सङ्कलित डीएनएका ससाना टुक्राहरू विश्लेषण गरिन्छ र दाँजिन्छ।

"हामी प्रत्येक व्यक्तिको डीएनए लिएर माइक्रोस्याटलाइट भनिने १५ देखि २२ बिन्दुसम्म जाँच्छौँ अनि तिनलाई एकएक गरी दाँज्छौँ," उक्त प्रयोगशालाका निर्देशक प्रा विलिअम उसाकेनले बीबीसी मुन्डोसँग भने।

तर यो प्रक्रिया त्यति सरल भने छैन।

औँलामा घोचेर रगतको नमुना निकालेपछि वैज्ञानिकहरू एउटा रासायनिक प्रक्रिया गरेर रगतमा अन्य अवयवबाट निकै सानो मात्रामा डीएनए छुट्ट्याउँछन्।

त्यसपछि विशेष खालको उपकरणमा राखेर डीएनएको परिमाण बढाइन्छ।

त्यसबाट प्राप्त हुने तरल पदार्थलाई 'फ्लोरेसन्ट डाइ' अर्थात् विशेष खालको चम्किलो रङ्गसँग मिसाइन्छ। त्यसो गर्दा विश्लेषण गर्न लागिएका १५ देखि २२ वटा माइक्रोस्याटलाइट बिन्दुहरू चिह्नित हुन्छन्।

त्यसपछि प्रत्येक नमुनामा भएका माइक्रोस्याटलाइटहरू पहिचान गर्ने अर्को यन्त्रमा राखिन्छ। त्यसमा इलेक्ट्रफरेसिस भनिने प्रक्रिया सञ्चालन गर्दा माइक्रोस्याटलाइटहरू सङ्ख्यात्मक अनुक्रममा देखा पर्छन्।

ती सङ्ख्यात्मक अनुक्रमका आधारमा विज्ञहरूले डीएनएको नमुना जाँचिएको व्यक्ति र बच्चा बाबुछोरा हुन् कि हैनन् भनेर निर्क्योल गर्छन्। बच्चाको आधा आनुवंशिक प्रोफाइल आमासँग मिल्छ। बाँकी आधा प्रोफाइल जुन पुरुषसँग मिल्छ त्यो व्यक्ति नै उसको बुवा भएको पुष्टि हुन्छ।

*असाधारण परिणाम*

कोलम्बियाका जुम्ल्याहा बालकका सन्दर्भमा वैज्ञानिकहरूले उनीहरूको, उनीहरूकी आमाको र परीक्षणका लागि आएका अनि भन्ठानिएका व्यक्तिको डीएनएमा भएका १७ वटा माइक्रोस्याटलाइटको विश्लेषण गरेका थिए।

परीक्षणका क्रममा ती व्यक्तिको डीएनए जुम्ल्याहामध्येका एक बालकसँग मात्र मिल्यो अर्को बालकसँग मिलेन। यो परिणाम असाधारण थियो।

"म विगत २६ वर्षदेखि यो प्रयोगशालाको निर्देशक छु। अनि यो अहिलेसम्म हामीले देखेको पहिलो र एकमात्र घटना हो," उसाकेन भन्छन्।

"हामीले अरू रिपोर्टहरूमा यस्ता घटना हुने गरेको सुनेका थियौँ, तर विश्वभरि यसको सङ्ख्या निकै कम छ," वंशाणुशास्त्री आन्ड्रिया कासास भन्छिन्। उनी न्याश्नल यूनिभर्सिटी अफ कोलम्बियाको इन्स्टिट्यूट अफ जनेटिक्ससँग आबद्ध अनुसन्धानकर्ता हुन्।

कुनै त्रुटि नभएको निश्चित गर्न प्रयोगशालाका प्राविधिकहरूले दोहोर्‍याएर परीक्षण र विश्लेषण गरे। फेरि पनि परिणाम उही आयो।

*किन दुर्लभ*

संयुक्त राज्य अमेरिकाको बाल्टिमोरस्थित एउटा प्रयोगशालाका वैज्ञानिकहरूले सन् २०१४ मा प्रकाशित गरेको एउटा शोधपत्रका अनुसार ३९,००० वटा पितृत्व परीक्षणको डेटाबेसमा 'हेटरोप्याटर्नल सूपर्फिकन्डेशन'का तीन घटना मात्र पुष्टि भएका थिए।

उसाकिन यस्तो जैविक घटना किन दुर्लभ हुन्छ भनेर बताउँछन्।

"पहिलो, महिलाले दुई जनासँग सम्भोग गर्ने गरेको हुनुपर्‍यो। दोस्रो, उनले निकै छोटो समयावधिमा दुवै जनासँग सम्बन्ध राखेको हुनुपर्‍यो। त्यसबाहेक एउटै मासिक चक्रमो उनको शरीरमा एउटाभन्दा बढी डिम्ब बनेको हुनुपर्‍यो।"

"अनि दुइटै डिम्ब शुक्राणुबाटे निषेचित भएको हुनुपर्‍यो," उसाकेन भन्छन्। "एकपछि अर्को दुर्लभ घटना लगातार हुँदा मात्र यसो हुन सम्भव छ।"

भिन्न पुरुषबाट जन्मिने जुम्ल्याहाहरू कहिल्यै पनि उस्तै देखिँदैनन्।

*व्यक्तिगत जीवन*

एउटै मासिक चक्रमा महिलाको शरीरमा एउटाभन्दा बढी डिम्ब बनेको छ र एउटा मात्रै निषेचित भएको छ भने बाँकी अरू डिम्बहरू चाँडै छिप्पिन्छन् र मर्छन्।

'सूपर्फिकन्डेशन हुन' अर्को डिम्ब सकुशल हुँदा नै त्यो निषेचित हुनुपर्छ। तर त्यो हतपत हुँदैन। त्यसैले पनि यो सूपर्फिकन्डेशनलाई दुर्लभ मानिन्छ।

यूएस न्याश्नल लाइब्रेरी अफ मेडिसिनका अनुसार डिम्ब डिम्बाशयबाट निस्किएको २४ घण्टाभन्दा कम समय मात्र जीवित रहन्छ।

आन्ड्रिया कासासका अनुसार यद्यपि डिम्बहरू एकै समयमा निस्किन्छन् भन्ने छैन।

"कहिलेकाहीँ एउटा डिम्बाशयले एउटा डिम्ब निकाल्छ अनि दुई वा तीन दिनपछि अर्को," उनी भन्छिन्।

उनका अनुसार त्यो हुँदा यसबाट फरकफरक समयमा डिम्ब निषेचन हुने सम्भावना पनि बढ्छ।

अधिकांश मानिसहरूले प्याटर्निटी टेस्ट नगराउने भएकाले पनि हेटरोप्याटर्नल सूपर्फिकन्डेशनका घटनाहरू निकै न्यून सङ्ख्यामा पहिचान भएका छन्।

वैज्ञानिकहरू कस्तो परिस्थितिमा यस खालको गर्भधारण हुन्छ भनेर बुझ्न उत्सुक छन् तर अनुसन्धानसँग सम्बन्धित नैतिक विषयले गर्दा अरूको व्यक्तिगत जीवनबारे सोधखोज गर्न पाइँदैन।

"सम्बन्धित व्यक्तिहरूको गोपनीयता र सम्मानलाई ध्यान दिएर मात्रै प्याटर्निटी टेस्ट गरिन्छ," उसाकेन भन्छन्।

*साभार: बीबीसी/नेपाली*

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# साउनमा हरियो चुरा र मेहदीको व्यापार चम्कियो

दैनिक समाचारदाता

जनकपुरधाम, २२ साउन । साउन महिना सुरु भएसँगै जनकपुरधाममा हरियो चुरा र मेहदीको व्यापार उल्लेखनीय रूपमा बढेको छ। माग बढेसँगै चुरा र मेहदीको मूल्य पनि आकासिएको भए पनि पसलहरूमा महिला ग्राहकको भीड घटेको छैन।

स्थानीय उपभोक्ताका अनुसार केही साताअघिसम्म १० रुपैयाँमा पाइने मेहदी अहिले २० रुपैयाँमा बिक्री भइरहेको छ भने २० रुपैयाँ दर्जन पर्ने साधारण हरियो चुराको मूल्य गुणात्मक रूपमा बढेर १०० रुपैयाँसम्म पुगेको छ। मूल्यवृद्धिका बाबजुद विवाहित र अविवाहित युवतीहरू हरियो चुरा र मेहदी खरिद गर्न उत्साहित देखिएका छन्।



हिन्दु परम्पराअनुसार साउन महिनामा विवाहित महिलाले हरियो चुरा लगाउने र हातमा मेहदी रचाउने चलन छ। यसो गर्दा श्रीमानको दीर्घायु हुने विश्वास गरिन्छ। अविवाहित युवतीले हरियो चुरा र मेहदी लगाएमा योग्य जीवनसाथी प्राप्त हुने जनविश्वास पनि रहेको छ। यही धार्मिक तथा सांस्कृतिक मान्यताका कारण साउनभरि हरियो चुरा र मेहदीको माग बढ्ने गरेको व्यापारीहरू बताउँछन्।

जनकपुर उपमहानगरपालिका-१६ की व्रतालु सुधा कर्णका अनुसार भगवान शिवलाई प्रसन्न पार्न र मनोकामना पूरा हुने विश्वासका साथ महिलाहरूले हरियो चुरा, मेहदी र हरियो पहिरन प्रयोग गर्ने गरेका छन्। उनले माग बढेका बेला व्यापारीले चुराको मूल्य अनावश्यक रूपमा बढाएको गुनासो पनि गरिन्।

जानकी चुरी सेन्टरका व्यापारी हेमन्त साहका अनुसार जनकपुरधाममा ठूला-साना गरी करिब ५०० चुरा व्यवसायी छन्। साउन महिनामा उनीहरूले दैनिक १० लाख रुपैयाँभन्दा बढी मूल्यका चुरा र मेहदी बिक्री गर्ने गरेका छन्। अधिकांश चुरा पसलले मेहदीसमेत बिक्री गर्दै आएका छन्।

साउन महिनाभरि विशेषगरी सोमबार महिलाहरूले शिवमन्दिरमा जल चढाई व्रत बस्ने परम्परा रहेको छ। पछिल्ला वर्षहरूमा यो चलन हिन्दु समुदायमा मात्र सीमित नरही अन्य समुदायका महिलामाझ पनि लोकप्रिय बन्दै गएको स्थानीयहरू बताउँछन्।

व्यापारीहरूका अनुसार समग्र बजारमा आर्थिक मन्दीको प्रभाव रहे पनि साउन महिनामा हरियो चुरा र मेहदीको व्यापार बढ्दा व्यवसायमा केही राहत मिलेको छ।

# सिरहामा ५३ किलोभन्दा बढी गाँजा बरामद



दैनिक समाचारदाता

सिरहा, २२ साउन । सिरहाको सखुवानन्कारकट्टी गाउँपालिकाबाट प्रहरीले ५३ किलोभन्दा बढी अवैध लागूऔषध गाँजा बरामद गरेको छ । इलाका प्रहरी कार्यालय महेशवारीबाट खटिएको गस्ती टोलीले बिहीबार राति सखुवानन्कारकट्टी गाउँपालिका-४ सिमरास्थित बलान खोलाबाट ५३ किलो ४६५ ग्राम गाँजा जस्तो देखिने पदार्थ बरामद गरेको हो । जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार राति करिब ११:५० बजे नियमित गस्तीमा रहेको प्रहरी टोलीलाई देखेपछि चार जना व्यक्तिले टाउकोमा बोकेर ल्याइरहेका चार वटा प्लास्टिकका बोरा बाटोमै फालेर फरार भएका थिए ।

प्रहरीले तत्काल ती बोरा नियन्त्रणमा लिएर जाँच गर्दा गाँजा जस्तो देखिने पदार्थ फेला पारेको थियो । बरामद पदार्थलाई प्रहरी कार्यालयमा ल्याई तौल गर्दा ५३ किलो ४६५ ग्राम रहेको पुष्टि भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार लागूऔषध ओसारपसारमा संलग्न व्यक्तिहरूको पहिचान तथा खोजी भइरहेको छ ।

घटनाबारे थप अनुसन्धानसमेत अघि बढाइएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

## एक हजार......

८४८ प्रहरी कारबाहीमा परेका हुन् । प्रहरी आचरणविपरीत काम रहेको, व्यवसायिकता नदेखिएको, प्रहरी नियमावलीमा उल्लेख भएका प्रावधानविपरीत गतिविधि गरेकाजस्ता आरोपमा ती प्रहरी कर्मचारीलाई कारबाही गरिएको हो ।

कारबाही पर्नेमा कार्यालय सहयोगीदेखि डीआईजी दर्जासम्मका अधिकारी रहेको प्रहरी प्रवक्ता डीआईजी अबिनारायण काफ्लेले बताए ।

५३ कार्यालय सहयोगी, ८६६ प्रहरी जवान, ३५६ प्रहरी सहायक हवल्दार, २६२ हवल्दार, ६१ वरिष्ठ हवल्दार, १३९ असई, ५२ सई, १७ वरिष्ठ सई, ३३ इन्स्पेक्टर, ३ डीएसपी, ३ एसपी, २ एसएसपी र १ डीआईजी कारबाहीमा परेका छन् ।

# ढल्केबर ट्रमा सेन्टर कहाँ हरायो ?

दैनिक समाचारदाता

काठमाडौं २२ साउन । नेपाली कांग्रेसका सांसद डा. चन्द्रमोहन यादवले ढल्केबरमा निर्माण गर्ने भनिएको ट्रमा सेन्टरबारे सरकारसँग स्पष्ट धारणा माग गरेका छन्।



बिहीबार प्रतिनिधिसभा बैठकमा बोल्दै उनले विगतमा ढल्केबरमा ट्रमा सेन्टर निर्माणका लागि २० करोड रुपैयाँ र पछि थप २ करोड रुपैयाँ बजेट विनियोजन गरिएको तथा चार बिघा जग्गासमेत छुट्याइसकिएको स्मरण गराए। तर वर्तमान सरकारले उक्त परियोजनालाई प्राथमिकतामा नराखेको आरोप उनले लगाए। डा. यादवले अर्थमन्त्रीले बजेट भाषणमा मधेश प्रदेशमा ट्रमा सेन्टर निर्माण गर्ने घोषणा गरे पनि ढल्केबरको नाम उल्लेख नगरेको बताए। साथै, साउन १९ गते स्वास्थ्यमन्त्रीले संसदमा दिएको जवाफमा पनि ढल्केबरको सट्टा अर्को स्थानको नाम लिएको भन्दै उनले आपत्ति जनाए।

"ढल्केबर बाहेक अन्य कुनै ठाउँमा ट्रमा सेन्टर बने हाम्रो विरोध छैन। तर ढल्केबरमा प्रस्तावित समर्पित ट्रमा सेन्टर कहाँ हरायो ?" उनले प्रश्न गरे। दुर्घटनाको उच्च जोखिम र जनसंख्याको चापका आधारमा ढल्केबर ट्रमा सेन्टर निर्माणका लागि सबैभन्दा उपयुक्त स्थान भएको उनको तर्क थियो।

सांसद यादवले सरकारले विकासका योजनामा समेत राजनीतिक प्रभाव पारेको आरोप लगाउँदै विकासका मुद्दालाई प्राथमिकतामा राख्न सरकारसँग आग्रह गरे।

# लोडसेडिङ होइन, अविश्वसनीय आपूर्ति

दैनिक समाचारदाता

काठमाडौं, २२ साउन । नेपालमा औपचारिक रूपमा लोडसेडिङ अन्त्य भएको वर्षौं बितिसकेको छ। विद्युत् उत्पादनमा उल्लेख्य वृद्धि भएको छ र अधिकांश समय पर्याप्त विद्युत् उपलब्ध पनि छ। तर पछिल्ला दिनमा काठमाडौं उपत्यकासहित देशका विभिन्न स्थानमा पूर्वसूचनाविना पटक(पटक केही सेकेन्ड वा मिनेटका लागि विद्युत् अवरुद्ध हुने क्रम बढेपछि उपभोक्ताले फेरि असहजता भोग्न थालेका छन्। प्राधिकरणले यसलाई 'लोडसेडिङ' नभई 'ट्रिपिङ' वा प्राविधिक अवरोध भने पनि उपभोक्ताका लागि बत्ती जानुको असर उस्तै हुन्छ।

आजको डिजिटल युगमा केही मिनेटको विद्युत् अवरोधले पनि ठूलो क्षति पुर्‍याउन सक्छ। घरायसी कामदेखि उद्योग, अस्पताल, सूचना प्रविधिमा आधारित सेवा, अनलाइन व्यवसाय र शैक्षिक गतिविधिसम्म प्रत्यक्ष प्रभावित हुन्छन्। कम्प्युटरमा भइरहेको काम नष्ट हुने, इन्टरनेट सेवा अवरुद्ध हुने, विद्युतीय उपकरणमा क्षति पुग्ने र उत्पादन प्रक्रिया रोकिँदा आर्थिक नोक्सानीसमेत बढ्ने गरेको छ। नियमित महसुल तिरिरहेका उपभोक्ताले भरपर्दो सेवा अपेक्षा गर्नु स्वाभाविक हो।

नेपाल विद्युत् प्राधिकरणका अनुसार गत आर्थिक वर्षमा राष्ट्रिय प्रसारण प्रणाली ४२ पटक ट्रिप भएको छ। अघिल्लो वर्षको तुलनामा ट्रिपिङ घटेको तथ्य सकारात्मक भए पनि समस्या पूर्ण रूपमा समाधान भएको मान्न सकिँदैन। अधिकांश अवरोध हावाहुरी, वर्षा, रुख ढल्नु, प्रसारण लाइनमा खराबी, ट्रान्स्फर्मर तथा सबस्टेसनका प्राविधिक समस्याका कारण भएको देखिन्छ। यसले हाम्रो विद्युत् पूर्वाधार अझै प्राकृतिक विपत्ति र प्राविधिक जोखिम सामना गर्न पर्याप्त सक्षम नभएको संकेत गर्छ।

ऊर्जा मन्त्रालयले पनि यो समस्या केवल मौसमी नभई वितरण प्रणालीको दीर्घकालीन संरचनागत कमजोरी भएको स्वीकार गरेको छ। वर्षौंदेखि पुरानै वितरण सञ्जालमा बढ्दो विद्युत् माग थपिँदा फिडर ओभरलोड, लो(भोल्टेज र ट्रिपिङ बढ्नु स्वाभाविक हो। यस्तो अवस्थामा दीर्घकालीन समाधान भनेको उत्पादन बढाउनु मात्र होइन, प्रसारण र वितरण प्रणालीको व्यापक आधुनिकीकरण गर्नु हो।

मन्त्रालयले हटलाइन सेवा सञ्चालन, सक्रिय अनुगमन र तत्काल समस्या समाधानको प्रतिबद्धता जनाएको छ। यो स्वागतयोग्य कदम भए पनि उपभोक्ताले आश्वासनभन्दा परिणाम खोजिरहेका छन्। विद्युत् सेवा आधुनिक अर्थतन्त्रको मेरुदण्ड हो। त्यसैले पूर्वाधार सुदृढीकरण, नियमित मर्मत, समयमै सूचना प्रवाह र आपूर्ति प्रणालीको विश्वसनीयता सुनिश्चित गर्नु अब सरकार र नेपाल विद्युत् प्राधिकरणको प्राथमिक दायित्व हुनुपर्छ। लोडसेडिङ अन्त्य भएको घोषणा मात्र पर्याप्त छैन, उपभोक्ताले अवरोधरहित र भरपर्दो विद्युत् आपूर्तिको अनुभूति गर्न पाउनुपर्छ।

# मधेश सरकारले गणेश यादवको परिवारलाई घर बनाइदिने

दैनिक समाचारदाता

जनकपुरधाम, २२ साउन । मधेश प्रदेश सरकारले प्रहरीको गोली लागेर मृत्यु भएका गणेश यादवको परिवारका लागि दुई कोठे घर, भान्सा (किचन) र शौचालय निर्माण गरिदिने भएको छ।



प्रदेश सरकारको 'विपन्नसँग मदन भण्डारी आवास योजना' अन्तर्गत गणेश यादवको परिवारलाई आवास निर्माण गरिने सम्बन्धमा शुक्रबार साँझ मधेश प्रदेशका शिक्षामन्त्री मनोजकुमार सिंह र मृतकका परिवारबीच सहमति भएको हो।

सुनसरी घटनाको विरोधमा सिरहाको गोलबजारमा १४ साउनमा भएको प्रदर्शनका क्रममा प्रहरीको गोली लागेर गणेश यादवको मृत्यु भएको थियो।

शिक्षामन्त्री सिंहले आफू यसअघि नै गणेश यादवको घरमा पुगेर परिवारसँग भेटघाट गरी समवेदना व्यक्त गरेको र त्यसक्रममा परिवारको आर्थिक अवस्था अत्यन्त कमजोर रहेको पाएको बताए। त्यसपछि प्रदेश सरकारको बैठकमा आवास निर्माणको विषयमा छलफल गरी भौतिक पूर्वाधार मन्त्रालयअन्तर्गत सञ्चालित 'विपन्नसँग मदन भण्डारी आवास योजना' मार्फत घर निर्माण गर्ने निर्णय गरिएको उनले जानकारी दिए।

सहमति कार्यक्रममा मृतकका बुवा रामवृक्ष यादव, भौतिक पूर्वाधार कार्यालय सिरहाका इन्जिनियर रामनारायण यादव तथा औरही गाउँपालिका-२ का वडाध्यक्ष रामअयोध्या यादवलगायतको उपस्थिति रहेको थियो।

'प्रदेश सरकारले आवश्यक प्रक्रिया पूरा गरिसकेको छ। परिवारले घर निर्माणका लागि जग्गा उपलब्ध गराउनेबित्तिकै निर्माण कार्य सुरु हुनेछ,' मन्त्री सिंहले बताए।

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४